सोमबार, २९ मंसिर २०७१

# सूचनाहरू कुनै पक्षकेन्द्रित हुनु हुँदैन



**डा. पोषराज पाण्डे**
*अध्यक्ष, सावती*

*कारोबार*मा नयाँखालका विषयले सधैं ठाउँ पाइनै रहेछन् । समग्रमा भन्दा विकासभन्दा पनि बढी बजारकेन्द्रित समाचारले बढी ठाउँ पाएको आभास मिल्छ । जसरी पुँजीबजार र बैंक तथा वित्तीय संस्थाका समाचार प्राथमिकतामा पर्छन्, त्यसैगरी अरू समाचारहरू प्राथमिकतामा परेको जस्तो देखिँदैन ।

निश्चित विषयवस्तु र सरकार तथा अन्य निकायलाई काम गर्न सहज बनाउने वातावरण *कारोबार*ले बनाउन सक्नुपर्छ । त्यसैगरी नीतिगत सुधारका पक्षमा खुलेर हुने/नहुनेबारेमा वकालत गर्दा त्यसले समग्र पक्षहरूलाई राम्रो र नराम्रो छुट्ट्याउन सहज हुन्छ ।